निर्णय प्रमाणित

**प्रस्तावहरु:**

१. प्रगति समिक्षा तथा निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।
२. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत सम्वन्धमा ।
३. जि.स.स. कार्यालयमा आयोजना प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

**निर्णय नं. ०१**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत चालु आ.व. मा संचालित आयोजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति समिक्षा र यस अघिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो ।

**निर्णय नं. ०२**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत पर्ने खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् संकलन गरी बिक्री वितरण गर्नको लागि परामर्शदाताबाट तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०३**

जिल्ला समन्वय समितिको कार्यालय दैलेखबाट मिति २०७८/०६/०१ गते प्रकाशित आयोजनाको प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना बमोजिम आयोजना प्रस्ताव गर्ने सम्वन्धमा छलफल हुँदा यस गाउँपालिकाको वडा नं. ०१ स्थित पगनाथ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि गत आर्थिक वर्ष २०७७/०७८ मा नेपाल सरकार स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमबाट बजेट स्वीकृत भई सो स्वास्थ्य चौकी भवन निर्माण कार्यको ठेक्कापट्टा बन्दोबस्त समेत भएकोमा चालु आर्थिक वर्षको लागि नेपाल सरकार स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमबाट रकम प्राप्त नहुने र गाउँपालिकाको समेत श्रोत अभाव रहेको हुँदा पगनाथ स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गर्नको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।



Scanned with CamScanner